वेलका नगरपालिकाको आ.ब. ०७७/७८ को
पहिलो चौमासीकको

# सार्वजनिक सुनुवाई कार्यक्रम
# प्रतिवेदन



**प्रतिवेदक**
बिकाश बन्जारा
मिलिजुलि ग्रामिण विकास केन्द्र, बेल्टार
चौनपा –७, बेल्टार

**प्रतिवेदन बुझाएको कार्यालय**
वेलका नगरपालिकाको कार्यालय

प्रतिवेदन बुझाएको मिति : २०७७।११।१६

## विषयसुची


१. परिचय ........ 1

२. सार्वजनिक सुनुवाई कार्यक्रमको उदेश्य : ........ 1

३. सम्पन्न क्रियाकलापहरु : ........ 1

४. उठेका प्रश्न□जिज्ञासा र उत्तर ........ 3

५. सार्वजनिक सूनूवाई कार्यक्रममा सूझावहरु ........ 6

अनूसूचि १: कार्यक्रममा प्रयोग गरिएको सहभागीहरुले पालना गनुपर्ने आचारसंहिता ........ 7

अनूसुचि २ : नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन ........ 8

अनुसूचि ३: बहिर्गमन अभिमत पत्रको प्रतिवेदन ........ 13

अनुसुचि ४: कार्यक्रमकका फोटोहरु ........ 15

अनूसूचि ५: कार्यक्रमको उपश्थितिको विस्तृत विवरण ........ 18

# १. परिचय

स्थानीय तहवाट संचालित विकास निर्माणका कार्यक्रमहरु, उपलब्ध सेवाहरु, वस्तु र सुविधाहरु सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन गरिने प्रक्रियालाई सार्वजनिक सुनुवाई भनिन्छ ।

स्थानीय तह र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनु सार्वजनिक सुनुवाइ कार्यक्रमको उदेश्य हो । सार्वजनिक सुनुवाई कार्यक्रम पारदर्शिता, जवाफदेहिता प्रवर्द्धन गर्ने उपयुक्त माध्याम हो । यसले सेवा प्रवाह गर्ने निकायका नागरिकहरुसंग रहेका असन्तुष्टी, जिज्ञासा, समस्या तथा प्रश्नहरुको दोहोरो संवाद मार्फत समाधान गरी शुसाशन कायम गर्न सहयोग गर्दछ ।

वेलका नगरपालिकाले आ.ब.०७७/७८ को पहिलो चौमासिकमा विभिन्न प्रकारका विकास निर्माणका कार्यक्रमहरु, सेवाहरु र सुविधाहरु नागरिक समक्ष प्रवाह गरेको छ । यस्ता कार्यक्रमहरु, सेवा तथा सुविधाहरु नागरिक समक्ष प्रवाह गरिसकेपछि नागरिकहरुसँग रहेका विभिन्न असन्तुष्टी, जिज्ञासा, समस्या तथा प्रश्नहरुको दोहोरो संवाद मार्फत जवाफ दिन यस आ.ब.को पहिलो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण २०७७ माघ १२ गते सोमवारका दिन मिलिजुलि ग्रामिण विकास केन्द्र, नेपाल द्वारा भएको थियो । सार्वजनिक सुनुवाईको सहजीकरण मिलिजुलि ग्रामिण विकास केन्द्रका सहजकर्ता विकाश बन्जाराबाट भएको थियो । त्यस्तै सार्वजनिक सुनुवाईका लागी आवश्यक पर्ने बर्हिगमन अभिमत (Exit poll) र नागरिक प्रतिवेदन पत्र **(CRC)** को सुचना संकलन बिबस तामांग, अस्मिता मगर र अस्विना दाहालबाट भएको थियो ।

यो सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण गरेको संस्था मिलिजुलि ग्रामिण विकास केन्द्र, नेपालको सहजकर्ता बिकाश बन्जाराद्धारा तयार गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन हो ।

# २. सार्वजनिक सुनुवाई कार्यक्रमको उदेश्य :

१. स्थानीय निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गर्ने

२. सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।

३. नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी नागरीकहरुका विचमा सेवाप्रदायकबाट सुझावहरु कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्ने ।

# ३. सम्पन्न क्रियाकलापहरु :

**क) बहिर्गमन अभिमत (Exit poll )संकलन :**

सार्वजनिक सुनुवाइको कार्यक्रम हुने दिन भन्दा अगावै बहिर्गमन अभिमतको फारम प्रयोग गरी सूचना संकलन गरिएको थियो । बहिर्गमन अभिमतको फारमबाट कार्यालयको सेवा वा सुविधा वा वस्तु प्राप्त गरेका नागरिकमध्ये २६ जना नागरिकवाट बहिर्गमन अभिमतको सूचना ३ जना संकलकद्धारा संकलन गरिएको थियो । बहिर्गमन अभिमतमा भाग लिनुभएका नागरिकलाई सार्वजनिक सुनुवाइमा भाग लिन निमन्त्रणा समेत गरिएको थियो । बर्हिगमन अभिमत (Exit poll ) संकलनमा सहभागीहरुको विवरण यस प्रकार रहेको छ :

| दलित | जनजाति | मधेसी | अन्य | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| ५ जना | १० जना | ० | ११ जना | ९ जना | १७ जना | २६ जना |

यस बर्हिगमन अभिमत (Exit poll) को प्रतिवेदन अनुसुची ३ मा राखिएको छ ।

**ख) नागरिक अभिमत संकलन :**

सार्वजनिक सुनुवाइको कार्यक्रम हुने दिन भन्दा अगावै नागरिक प्रतिवेदनको फारम प्रयोग गरी ३ जना सुचना संकलकद्धारा सूचना संकलन गरिएको थियो । सुचना संकलन गर्न नागरिक प्रतिवेदन पत्रको फाराम भरिएको थियो । त्यस्तो फाराम नगरपालिकाको वडा नं. ३, ६, ८ र ९ लाई समेट्ने गरी ९९ जना नागरिकवाट संकलन गरिएको थियो । नागरिक अभिमत संकलनमा भाग लिनुभएका नागरिकलाई सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन निमन्त्रणा समेत गरिएको थियो । नागरिक प्रतिवेदन पत्र **(CRC)** संकलनमा सहभागीहरुको विवरण यस प्रकार रहेको छ :

| दलित | जनजाति | मधेसी | अन्य | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| ३ जना | ५० जना | ० | ४३ जना | ३० जना | ६९ जना | ९९ जना |

यस नागरिक प्रतिवेदन पत्र **(CRC)** को प्रतिवेदन अनुसुची २ मा राखिएको छ ।

**ग) सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन :**

सार्वजनिक सुनुवार्य कार्यक्रमको देहाय बमोजिम सञ्चालन भएको थियो :

कार्यक्रम सञ्चालन : वेलका नगरपालिका सामाजिक शाखा श्री गोपनल निरौला

अतिथि आसन ग्रहण

राष्ट्रिय गान

सहिदहरुको सम्झनामा १ मिनेट मौनधारण

स्वागत मन्तव्य : नगरपालिका उपप्रमुख श्री राजकुमारी चौधरीबाट

नगरपालिकाको चौमासिक गतिविधीवारे संक्षेपमा जानकारी : नि. प्रमुख प्रशासकिय अधिकृत श्री चेतनाथ गौतम

नगरपालिकाका विषयगत शाखा प्रमुखहरुबाट आ–आफ्नो संक्षिप्त प्रतिवेदन प्रस्तुत

सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण : सहजकर्ता बिकाश बन्जारा

- आचार संहिताबारे जानकारी
- बर्हिगमन अभिमत (Exit poll) प्रतिवेदन प्रस्तुत
- नागरिक प्रतिवेदन पत्र **(CRC)** प्रतिवेदन प्रस्तुत
- जिज्ञासा तथा प्रश्न संकलन
- जिज्ञासा तथा प्रश्न माथि स्पष्टताका लागी सहजीकरण

कार्यक्रम समापन :

- राजनितिक दलको तर्फबाट शुभकामना मन्तव्य
- कार्यक्रम अध्यक्षबाट कार्यक्रम समापन

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुको विवरण यस प्रकार रहेको छ :

| दलित | जनजाति | मधेसी | अन्य | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|
| ५ जना | १३ जना | २ जना | ५२ जना | १९ जना | ५३ जना | ७२जना |

सार्वजनिक सुनुवाई सहजीकरण कार्यक्रममा सहभागीहरुको विस्तृत विवरण अनुसुची ५ मा राखिएको छ ।

**घ) सहजीकरण विधि र प्रक्रिया :**

सहजकर्ताले सार्वजनिक सुनुवाई गर्न देहाय बमोजिम विधि र प्रक्रिया अवलम्वन गरेको छ :

१. शिष्ट एवं विनयशील भाषाको प्रयोग गरेको,

२. निष्पक्ष रुपले मध्यस्थता गरेको,

३. महिला जनजाति तथा पिछडिएका वर्गलाई आआफ्नो भनाइ राख्न प्रोत्साहित गरिएको,

४. सहभागीले व्यक्त गरेका विचारमा प्रतिवाद नगरिएको,

५. प्राप्त सुझाव, प्रतिक्रिया तथा टिप्पणीलाई सकारात्मक रुपमा लिएको,

६. व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राखेको,

७. सहभागिको कुरा काटी आफ्नो भनाई नराखेको र

८. विषय वस्तुमा केन्द्रित रही छलफल गराएको ।

## ४. उठेका प्रश्न जिज्ञासा र उत्तर

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | खेमराज निरौला वेलका –३ | विद्युत विस्तार सेवा प्राप्त गर्न कँहा सम्पर्क गर्ने भन्ने विषय अन्यौलमा परेको छ ? त्यसको जिम्मेवारी कुन कार्यालय हो ? सर्बसाधरण ले बुझीएन । | भरत दर्लामी वडाध्यक्ष वडा नं. ३ | २०६४ सालमा बनेको विद्युतको समितीले अहिले बस्ती भएका केहि केहि टोलहरुलाई जंगल भनेर सर्वे गरेको रहेछ । हामीले समिति सँग अहिले बस्ती भएका सवै टोलमा विद्युत व्यवस्था गर्नुपर्छ भनी अनुरोध गऱ्यौ । त्यसपछी विद्युतको समितिले हामी पोल दिन्छौ खन्ने , गाड्ने र तार किन्ने समुदायले आफै गर्नुपर्छ भन्यो । हामीले पोल ढुवानी गऱ्यौ , गाड्यौ र तार किन्यौ । पछि ठोक्सीला उर्जा तथा ग्रामिण विकास केन्द्रले तारको ९० प्रतिशत रकम फिर्ता गर्ने भन्यो । तर त्यो रकम माग गर्दा पनि फिर्ता भएको छैन । |
| | | | दुर्गा कुमार थापा नगर प्रमुख | वेलका नगरपालिकाको वडा नं. १ र २ मा विद्युत प्राधिकरणले सोझै सेवा प्रदान गरेको छ भने बाकी ७ वटा वडामा ठोक्सीला उर्जा तथा ग्रामिण विकास समितीले विद्युत सेवा दिनुपर्छ । वेलका नगरपालिकामा अव चतरामा भएको सव स्टेशनलाई पावर हाउसमा रुपान्तरण गर्ने यो आर्थिक बर्षमा विद्युतको समस्या समाधान हुन्छ ।<br>नगरपालिका विद्युत सेवा प्रवाह गर्ने सवालमा उदासिन छैन । नगरपालिकाको अहिले सम्म जम्मा ४ करोड ६२ लाख खर्च भएको छ । ठोक्सीला ग्रामिण उर्जा विकास समितीले विद्युत प्रयोग गर्ने सवै घरधुरीबाट विद्युतको महसुल उठाईरहेको छ । त्यस महसुलबाट नै सेवा प्रवाह गर्नुपर्ने हो । तर अहिले सम्म नगरपालिकाले नै खर्च हुने बजेट व्यवस्था गरिरहेको छ । |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | खेमराज निरौला वेलका –३ (थप प्रश्न) | हामिलाई चाहिएको तार पोल खोज्न हामी अब कँहा जाने हो ? त्यसै संस्थाको भर पर्नुपर्ने हो कि नगरपालिकामा सम्पर्क राख्नेकी हामी आफै लागेर खरिद गर्नुपर्ने ? | भरत दर्लामी वडाध्यक्ष वडा नं. ३ | वडाको बजेटबाट रु ५ लाख छुट्याएको छ। नगर सभाबाट पास गरेर कोटेशनमा गई खरिद गर्ने योजना छ। पोलको व्यवस्था हुन्छ। |
| २. | दमन कट्वाल वेलका नपा वडा नं. ३, रामपुर | १. भुमिगत सिचाईका लागी गाडीएका वोरिङहरुबाट पानी आएको छैन किन खर्च मात्र गरिएको, के समस्या भएको छ ? राम्रो सँग सञ्चालन हुन नसक्नुको कारण के हो ? | दुर्गा कुमार थापा नगर प्रमुख | सञ्चालनमै छन् । केहिकेहि व्यवस्थापनका कमजोरीका कारण सञ्चालन हुन नसकेका हुन हामी व्यवस्थापन गर्ने समितिहरु निर्माण गरेर सञ्चालन गर्ने छौ । |
| | | २. हाम्रो नगरमा ढुंगा गिट्टी वालुवाको ठेक्का किन लागेन ? जसले गर्दा नगरको आन्तरीक आम्दानीमा कमी भयो । | दुर्गा कुमार थापा नगर प्रमुख | यस बर्ष कानुनी जटिलता पनि भयो । प्रदेशको नँया कार्यविधी साउन २५ गते आयो फेरी संसोधनको कुरा आयो विचमा संघिय सरकारले रोक्यो । हामी ठेक्का निकाल्ने विषयमा अन्तिम चरणमा छौ । जिल्ला अनुगमन समिति र राष्ट्रपती चुरे संरक्षणको पनि सहमती लिए पछि ठेक्का निकाल्ने काम हुन्छ । |
| | | | दुर्गा कुमार थापा नगर प्रमुख | प्रक्रिया नपुगी ठेक्का लगाउन सकिदैन । गत बर्षको मुद्धाको फैसला भईसकेको छैन । अव ठेक्का लागेपछि त्यस आ.ब. भरी काम गर्न पाइन्छ । यस पटक ऐनमा नम्वरी जग्गाबाट पनि IEE गरेर ढुंगा बेच्न पाउने नियम छ । नगरपालिकालाई कर तिरेर निजी जग्गाबाट पनि ढुंगा बेच्न पाइन्छ । |
| | | ३. वडा नं. ९ को फाहोर प्रसोधन केन्द्र सञ्चालनमा आउन नसक्नुको कारण के हो ? कार्यक्रमहरु दिगो र स्थायी किन नभएको होलान । | मोहन प्र. घिमिरे वडाध्यक्ष वडा नं. ९ | विभिन्न संघसंस्था सँग समन्वय गरेर र त्यहिनेर समुह निर्माण गरेर हामी काम गर्ने तयारी गरीरहेका छौ । रामपुर बजारमा उत्सर्जित फोहोर लाई त्यहा प्रयोग गर्ने योजना बनाईएको छ । हाल भौतिक पुर्वाधारको काम भईरहेको छ । त्यहाको जग्गा लिजमा दिएर भैसी पालन गर्ने योजना बनाईएको छ । रागा भैसी पालन गरी निस्केको मल लाई प्रसोधन केन्द्रमा राखेर मल बनाउने योजना छ । सरसफाई कार्यक्रम मार्फत बजार सफा पनि राख्ने र प्रसोधन केन्द्र पनि सञ्चालन गर्ने योजना छ । |
| | | | दुर्गा कुमार थापा नगर प्रमुख | यो प्रोजेक्टको जम्मा लगानी ४ करोड ८६ लाख हो अहिले २ करोड मात्र खर्च भएको छ । यो तेसो बर्षबाट काम शुरु गर्ने हो । यो बर्षमा र अर्को बर्षमा खर्च हुने रकमले त्यस योजनालाई दिगोपन दिने हो । त्यहाका मान्छेको दिगो आम्दानीको श्रोत बनाउने योजनामा हामी छौ । दिगो आम्दानीको श्रोत हुन्छ । |
| | | ४. वेलका नगरपालिकाको यस बर्षको बार्षिक कार्यक्रम पुस्तिका हेर्न पाईएन? नगरले पारदर्शितामा कमजोरी गर्न थालेको हो ? | चेतनाथ गौतम नि. प्र. प्र. अधिकृत | नगरसभा पछि मात्र छाप्ने तयारीमा छौ । त्यो छाप्ने सोच छ । कोभिडको कारणले गर्दा केहि संसोधन गर्नुपर्ने छ । नगरसभा भएको ७ दिन भित्र छापिन्छ । |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | ५. नगरको संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्दा सहकारी व्यवस्थापनमा काम भएको भनिएको छ तर यसबर्ष सहकारी व्यवस्थापनको काम के के भयो पत्ता पाईएन ? | चेतनाथ गौतम नि. प्रमुख प्रशासकीय अधिकृत | कानुनतः नगरपालिकाको प्रशासनिक अधिकार प्राप्त शाखा भनेको सहकारी पनिहो तरपनि हामीले राम्ररी नियमन गर्न सकेका छैनौ । हामी नियमित प्रक्रयामा छौ । जति स्फुर्त सहकारीको क्षेत्रमा काम हुनुपर्ने हो त्यति काम गर्न सकेका छैनौ । सहकारी बारेमा अलि भेरै बुझ्केको कर्मचारी पनि हामीसँग छैनन् । कर्मचारीलाई तालिममा पठाएर व्यवस्थित गर्ने सोचमा छौ । |
| | | ६. कोभिडले गर्दा नगरपालिकाको बजेट कटौती हुने भन्ने हल्ला छ । यो कुरा वास्तविक हो कि हल्ला मात्र हो । | भरत दर्लामी वडाध्यक्ष वडा नं. ३ | नगरपीलकाले वडा को बजेट २५ प्रतिशत कटौति गरेर त्याउन भनेको छ । कँहाबाट कटौती गर्ने भन्नेमा मलाई साह्रै चिन्ता लागेर, म अन्यौलमा छु । |
| | | | चेतनाथ गौतम नि. प्रमुख प्रशासकीय अधिकृत | पहिले आन्तरीक आय प्रक्षेपण गर्दा भुमी सम्वन्धि काम सकिन्छ र आन्तरीक आयमा वृद्धि हुन्छ भनेर गरेका थियौ तर सो अनुसार भएन । अपेक्षाकृत आन्तरीक आय सोचेअनुसार भएन । बन ऐन लागु गर्ने र बन ऐन अनुसार आन्तरीक आम्दानी हुन्छ  भन्ने सोच थियो तर त्यो पनि सोचेअनुसार नभएपछि आन्दानी कमी हुने देखिन्छ । राजस्व बाँडफाँड ३ करोड जति कमी भएर आएको छ । कटौती नै होइन नगरसभाबाट संसोधन हुने मात्र हो । |
| **३.** | पुष्कर फुयल वेलका नगरपालिका वडा नं. १ | १. वेलका नगरपालिकामाबाट हुने कार्यक्रममा वडा नं. १ लाई सुचनाको कमी छ । किन त्यस्तो भएको ? | चेतनाथ गौतम नि. प्रमुख प्रशासकीय अधिकृत | यस बिषयमा हामीले हाम्रा सवै शाखाका कर्मचारहिरुलाई जानकारी गराईसकेका छौ । सवै टोल विकासमा पनि जानकारी गराईसकिएको छ । टोल विकास संस्थाको फोन नं. राख्ने सुचना गर्ने काम अब प्रभावकारी हुन्छ । |
| | | २. वडा नं. १ मा त्रियुगा नदिले बस्तिलाई नष्ट पारिरहेको छ तर नियन्त्रणमा कुनै चासो छैन माटोको बाध मात्र बाधिन्छ जाली हाल्ने काम भएको छैन किन होला के बाध दिगो होला त ? | दुर्गा कुमार थापा नगर प्रमुख | त्रियुगा नदि नियन्त्रणमा काम भईरहेको छ । जालि हालेर नै काम हुन्छ । बाध फुटेको ठाँउमा काम भईरहेको छ । यस पटक पनि डेलीकेसन गएर योजना ल्याउनु पर्छ । |
| **४.** | सुमन सागर खतिवडा वेनपा वडा नं. ३ | यस चौमासिकमा न्यायीक समितिको कामहरु के के भईरहेको छ । जानकारी पाईएन । | राज कुमारी चौधरी नगर उपप्रमुख | न्यायिक समितिमा धेरै काम गरेको छ ।  जम्मा ७८ वटा मुद्धा हेरेको छ । ३२ वटा दरपिट गरेर खारेज गरिएको छ ।  हेर्न बाकी २६ वटा मुद्धा छ । मिलापत्र ११ वटा गरिएको छ । प्रारम्भिक सुनुवाई गरी तारिख दिएको मुद्धा १८ वटा छ । ३ वटा अदालतमा पठाएको छ । |
| **५.** | नर ब. वि.क. | अत्यन्त गरिबलाई विद्युतको मिटरबक्स दिनुपर्छ भनी नगरको सहयोगमा मिटरबक्स वितरण गरेको आर्थिक अवस्था कमजोर भएकाहरुले  मिटरबक्स जडान गर्न सकेका छैनन । नगरपालिकाले केही गर्न सक्छ  की ? | दुर्गा कुमार थापा नगर प्रमुख | यो बर्ष पनि बजेट विनियोजन भएको छ । दलित उत्थानको कार्यक्रममा बजेट कटौती हुदैन । भवनको र अन्य शिर्षकमा भएको रकम कटौती हुदैन । विद्युत प्राधिकरण सँगै कुरा गरेर सेवा दिने कोसिस भईरहेको छ । केहि समय पछि यो बिषय टुंगो लाग्छ । मिटर जडान गर्ने दायित्व घरधुरीकै हो त्यसैले जडान आफैले गर्नेपर्छ । |

| क्र. सं | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना र पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| ६ | मनोरथ कोइराला वेलका नगरपालिका वडा नं. १ | वडा नं. १ र २ मा भुमिगत सिंचाई बढी छन् । इन्धन खर्च गरेर पानी तान्दा महंगो पर्न गएको छ । त्यसैले विद्युतिय सिंचाईको लागी नगरपालिकाले व्यवस्था मिलाउनु पर्छ । कृषि स्रोत व्यक्ती व्यवस्था गरेको छ । टोल टोलमा कृषि श्रोत व्यक्ती व्यवस्था गरेको छ । कृषि श्रोत व्यक्तीबाट वडामा भएका कमीकमजोरी जानकारी गराउने जिम्मेवारी दिनुपर्दछ । कसरी हुन्छ जसरी पनि नगरपालिकाले विद्युतिय व्यवस्था मिलाउनु पर्‍यो । | दुर्गा कुमार थापा नगर प्रमुख | टोलको जानकारी टिपाउने मान्छे हो उँहा आफ्नो टोलको नभनेको कारणले अरुको टोलको भयो आफ्नो टोलको छुटेको हो । हामी कृषि मिटरको लागी पहल गरिरहेको छौ । निरन्तर काम भईरहेको छ । धेरैले सेवा सिंचाईको लागी सेवा प्राप्त गर्न थालेका छन् । बाझा जग्गाहरुमा उत्पादन हुन थालेको छ । विद्युतिय सिंचाई गर्नुपर्छ । सेवा सवैतिर विस्तार हुन्छ । पोल गाड्ने काम नगरपालिकाले सहयोग गर्छ । |
| ७. | अर्जुन आचार्य वेलका वडा नं. ४ | म विकासबाट प्रभावित भएको व्यक्ती हो । सडक बनाउदा होमपायप नराखिदिएको कारण मेरो खेत बाझो भयो । नगरपालिकामा होमपायप सहयोग माग्न २ महिना सम्म आए । होमपायप सम्वोधन भएन । पछि होमपायप त पाईयो तर बाटो मिलाएर राख्न नसकिने ठुलो पाइयो त्यो मिलाएर राख्न सकिएन । नगरपालिकामा स्टिमेट सच्याउन खोज्दा सकिएन । | दिपक दंगाल वडाध्यक्ष वडा नं. ४ | उँहाको खेतियोग्य जमिन हो । कुलो पनि थियो । उक्त कुलो घारेघाट सडक निर्माण गर्दा विगारेको थियो । पानिको श्रोत बर्षामा मात्र हुने गरेको छ । हिउँदको समयमा त्यहा पानीको श्रोत हुदैन । त्यहा ३० CMको ह्युम पायप लाग्नेमा तत्काललाई काम चलाउन ४५ CM को ह्युम पायप दिएको हो । त्यो राख्न अप्ठ्यारो भयो । अहिले पनि काम चलेको छैन । हामीले टेन्डर लगाई सकेका छौ ३० CM को आउने साथ त्यहा व्यवस्था मिलाउने छौ । उँहालाई आवश्यक पर्ने स्टकमा नभएकोले व्यवस्थ ागर्न नसकेको कारण हामीले क्षमा माग्नैपर्ने हुन्छ । यो बर्ष व्यवस्था गरिनेछ । |

## ५. सार्वजनिक सूनूवाई कार्यक्रममा सूझावहरु

१. नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत पत्रको प्रतिवेदनमा कमजोर प्रतिशतहरुलाई नगरपालिकाले सुधार गर्नुपर्दछ ।

२. बहिर्गमन अभिमत पत्रको प्रतिवेदनमा सुधार गर्नुपर्ने पक्षहरु महलमा भएका सवालहरु नगरपालिकाले सुधार गर्नुपर्दछ ।

३. सार्वजनिक सुनुवाई कार्यक्रममा जाहेर भएका प्रतिवद्धताहरु कार्यान्वयन गर्नुपर्दछ ।

४. सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेहिता अभिवृद्धि गर्न सबै विषयगत शाखाहरुको उपस्थिति अनिवार्य गर्नुपर्दछ ।

५. सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्दा सहभागीहरुलाई सहभागीता जनाउन मिल्ने गरि हल व्यवस्थापन गर्नुपर्दछ ।

६. सार्वजनिक सुनुवाई कार्यक्रम तोकिएको समयमा सुरु गर्नुपर्दछ ।

७. नगरसभाबाट सार्वजनिक सुनुवाई कार्यविधि, सार्वजनिक परिक्षण कार्यविधि र सामाजिक परिक्षण कार्यविधि पास गरेर सोहि बमोजिम कार्यक्रमको आयोजना गर्नुपर्दछ ।

## अनूसूचि १: कार्यक्रममा प्रयोग गरिएको सहभागीहरुले पालना गनुपर्ने आचारसंहिता

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ । बढिमा ३ मिनेट भित्र प्रश्न वा जिज्ञासा राखिसक्नु पर्नेछ ।

३.सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

४.आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

५.चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

६.सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

७.सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

८.सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

९.सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

# अनूसुचि २ : नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन

अनुसुचि ३


वेलका नगरपालिकाको आ.ब. ०७७/७८ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाईकालागी

## नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन


विवरण संकलन, विष्लेषण र प्रस्तुती,

मिलिजुलि ग्रामिण विकास केन्द्र, नेपाल


### उत्तरदाताहरुको विवरण




### उत्तरदाताहरुको जातिगत विवरण





### वडागत रुप उत्तरदाताको विवरण





### सेवाको सन्तुष्टि

१. सेवा लिन जाँदा कर्मचारी र जनप्रतिनिधिको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?





### सेवाको नियमितता

२. कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा विश्वस्त हुनुहुन्छ ?




## सेवाप्रतिको जनविश्वास

### ३. नगरपीलका कार्यालयले दिने सवैखाले सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?





## सेवाको गुणस्तर

### ४. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?





### ५. कार्यालयको भौतिक अवस्था कस्तो छ ?





## नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्वन्धि


### ६. कार्यालयमा नागरिक बडापत्रको व्यवस्था छ ?




### ७. तपाईको विचारमा यस कार्यालयमा उजुरी पेटिकाको उपयोग भएको छ ?





### ८. कार्यालयमा गुनासो सुन्ने अधिकारीको व्यवस्था छ ?




## सिफरिस सम्वन्धि

### ९. कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्छ ?





## पूर्वाधार तथा सरसफाई सम्वन्धी


### १०. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?





### ११. तपाईको नपामा विकास निर्माणको स्थिति कस्तो छ ?





### १२. यस नपामा सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?





### १३. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरु वा अरु कसैलाई कमिसन रकम पनि दिनुपर्छ ?





### १४. योजना सञ्चालन गर्दा जनप्रतिनिधीवाट कत्तिको सहयोग पाउनु भएको छ ?



### १५. उपभोक्ता समिती गठन प्रक्रिया बारेमा तपाईलाई थाहा छ ?





### १६. नगरपालिकाले गर्ने अनुगमन मुल्यांकन कत्तिको प्रभावकारी छन् ?





## विविध पक्षहरुमा अनुभव


### १७. कार्यालयहरुमा काम गर्न जाँदा जनप्रतिनिधीहरु र कर्मचारीहरु कार्यालयमै भेटिन्छन् ?




### १८. नगरपालिका कार्यालयमा भएका कर्मचारीहरुमा सिप कस्तो छ ?





### १९. जनप्रतिनिधी सहितको बर्तमान कार्यसञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?





## पारदर्शिता सम्वन्धी

### २०. यस न.पा.को वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?



## २१. वेलका न.पा.को आम्दानी र खर्च सुचना पाटिमा टासेको देख्नुभएको छ ?




## २२. वेलका नगरपालिका प्रति तपाई सँग कुनै सल्लाह सुझाव भएमा संकलन गरीएका सल्लाह सुझावहरु :

१. सार्वजनिक सुनुवाई कार्यक्रम मात्र नभई अन्य पारदर्शिताका कार्यक्रमहरु गर्नुपर्ने ।

२. सार्वजनिक सुनुवाई हुने वारेमा वडा कार्यालयहरु द्वारा सुचना प्रवाह गर्नुपर्ने ।

३. सडकहरु निर्माण गर्दा नभत्कने गरी गुणस्तरयुक्त निर्माण गर्ने भत्कीहालेमा तुरुन्त मर्मत गर्ने गर्नुपर्‍यो । उपभोक्ताको सहभागीतामा उपभोक्ता समितिबाट मर्मत गर्नैपर्ने योजना बनाउने ।

४. कृषि कार्यक्रममा विउविजन वितरण गर्दा समयमै वितरण गर्ने गर्नुपर्दछ ।

५. नगरपालिकाबाट प्रकाशित सुचनाहरु स्थानीय स्तरमा प्रशारण कम हुने गरेको हुदा स्थानीय तरमा प्रभाावकारीरुपमा सुचना प्रवाह गर्नुपर्ने । सम्पुर्ण जनतामा प्रवाह हुने व्यवस्था मिलाउनुपर्ने ।

६. हरेक टोल विकाससंस्था एक सार्वजनिक शौचालय निर्माण गर्नुपर्‍यो ।

७. एउटै काममा कसैलाई बाध्यकारी नियम लगाइन्छ कसैलाई सहज तरीकाले पनि काम गरिदिने चलन छ नियम सवैलाई बरावरी ढंगबाट लागु हुनुपर्‍यो ।

८. कार्यालय प्रवेश गर्ने बाटो पक्की गर्नुपर्‍यो ।

९. टोल विकास स्तरीय क्लव गठन गरेर खेलकुदको विकास गर्नुपर्ने ।

१०. नगरले जडान गरेको CCTV क्यामेरा प्रभावकारी नभएर चोरी बढेको हुदा CCTV क्यामेरा सञ्चालनमाा ल्याउनुपर्ने ।

११. जेष्ठ नागरीकहरुलाई स्वास्थ्य सुविधा र यातायातको सुविधा नि:शुल्क गर्ने व्यवस्था गर्नुपर्दछ ।

१२. खानेपानीको परिक्षण गरेर स्वच्छ खानेपानी व्यवस्था गर्नुपर्दछ ।

१३. विद्युतको सव स्टेशन राखेर विद्युत् नकट्ने सेवा प्रवाह गर्न नगरपालिकाले व्यवस्था मिलाउनु पर्दछ ।

१४. नगरपालिकाले दिने सिप विकास तालिमको वारेमा सुचना गर्दा वडा कार्यालय मार्फत भन्दा पनी नगरपालिका आफैले सम्वन्धित व्यक्तीहरुले थाहा पाउने गरी सुचना प्रशारण गर्नुपर्दछ ।

१५. लालपुर्जा वितरण कार्य किन ढिलाई भईरहेको छ ? चाडो वितरण गर्नुपर्दछ ।

१६. बजारक्षेत्रमा बनाएका नालीहरु माटोले भरीएका छन् पानी बगेर जानेगरी सफा बनाउनुपर्छ ।

१७. बालीनालीमा लगाउने विसादीहरु समयमै वितरण गर्नुपर्दछ ।

१८. कार्यालयमा CCTV राखेको छ त्यो कुरा सेवाग्रहीले थाहा पाउनुपर्दछ जसको लागी तपाई निगरानीमा हुनुहुन्छ भन्ने सुचनात्मक जानकारी देखिनेगरी लेखेर राख्नुपर्दछ ।

१९. नगरमा हुने निर्माणका कामहरु नगरवासीलाई नै दिनु पर्ने ।

२१. नगरपालिकामा मदिरापान बन्द गर्नुपर्दछ ।

२२. योजनाहरु निर्माण भएका छन् तर उपभोक्ता भेला गरेर लागत सार्वजनिक गर्ने नगरिएको हुँदा अव उप्रान्त लागत सार्वजनिक गर्ने गर्नुपर्दछ ।

२३. फोहोर व्यवस्थापन गर्ने उचित व्यवस्था गर्नुपर्दछ ।

२४. विद्यालयहरुमा शिक्षकको अभााव परिपुर्ति गर्नुपर्दछ ।

# धन्यवाद

# अनुसूचि ३: बहिर्गमन अभिमत पत्रको प्रतिवेदन

अनुसुचि २


वेलका नगरपालिकाको आ.ब. ०७७/७८ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाईकालागी

# Exit Poll Report

विवरण संकलन, विष्लेषण र प्रस्तुती,


मिलिजुलि ग्रामिण विकास केन्द्र, नेपाल

## उत्तरदाताहरुको विवरण





जम्मा २६ जना

## उत्तरदाताहरुको जातिगत विवरण





जम्मा २६ जना






<u>*अन्य अन्तर्गत*</u>


आँखा जाज गर्न : २ जना


## सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?







**नागरिकहरुका अनुसार यस वेलका नपा कार्यालयका राम्रा पक्षहरु :**

- कृषि क्षेत्रको विकास राम्रो छ।
- शिक्षा क्षेत्रमा पनि विकास भएको राम्रो छ।
- खेलमैदानहरुको व्यवस्था राम्रो सँग भएको छ।

**नागरिकहरुका अनुसार वेलका नपा र वडाहरुमा सुधार गर्नुपर्ने पक्षहरुः**

- रामपुर बजारमा खानेपानी परिक्षण गरी पिउनको लागी योग्य पानीको व्यवस्था गर्नुपर्दछ।
- भौतिक पुर्वाधारहरुको विकास गर्दा बजेट खेरजाने समस्या निराकरण गर्न दिर्घकालीन विकास गर्नुपर्दछ।
- अव्यवस्थित जग्गा व्यवस्थापन गर्न भईरहेको फारम भर्ने कार्यमा फारमहरु राम्रोसँग चेकजाँच गर्नुपर्दछ।
- सेवा प्रवाह गर्ने विवरण (नागरीक बडापत्र ) कार्यालय बाहिर टासीदिनु पर्दछ।
- सेवाग्रहिहरुलाई सेवा प्रदान गर्दा पहिले आउनेलाई पहिले र पछि आउनेलाई पछि सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्दछ।
- गरीब पहिचान गरी गरीवहरुलाई सवैखाले औषधी निशुल्क गर्ने व्यवस्था गर्नुपर्दछ।
- सेवा लिन आउने सेवाग्राहिले जनप्रतिनिधि वा कर्मचारी पर्खेनु नपर्ने व्यवस्था मिलाउने।
- मुल सडकबाट नगरपालिका कार्यालय सम्म आउने बाटो पक्की गर्नुपर्छ।
- मेलमिलापको लागी आउदा मेलमिलापकर्ताले दुवै तर्फका कुरा सुनेर मात्र फैसला गर्ने गर्नु पर्दछ।

सेवा प्रवाहलाई अझ राम्रो बनाउन जनप्रतिनिधी र कर्मचारीले गर्नुपर्ने कुराहरु

| जनप्रतिनिधी | कर्मचारी |
|---|---|
| समस्याहरु राख्दा कर्मचारीहरुलाई देखाउने भन्दा पनि व्याख्या विश्लेषण गरेर आफै सहजीकरण गरीदने गर्नुपर्दछ। | सेवाग्राहिहरुलाई नम्र भई सल्लाह दिनुपर्छ। |
| नागरुकिहरु सँग मैत्रीपुर्ण व्यवहार गर्नुपर्दछ। | कार्यालय समयमा सेवाग्राही आएको वेलामा कर्मचारीहरु कार्यालयमा बसी सेवादिने गर्नुपर्दछ। |
| सवैखाले विकास कार्यमा गुणस्तरीयता वृद्धि गर्न पहल गर्नुपर्छ। | |
| आँखाको उपचार शिविरमा मात्र नभई अन्य समयमा पनि निशुल्क अप्रेसनको व्यवस्था मिलाउनु पर्ने। | |
| नागरुकिले माग गरेका योजना मात्र नभई आफ्नो गाँउठाउमा भएका कमी कमजोरीहरु पत्ता लगाई समाधान गर्नुपर्दछ। | |
| सेवाग्रहीहरुको समस्या निष्पक्ष रुपमा समाधान गरीदिने गर्नुपर्छ। | |

जनप्रतिनिधी बहाल भएपछि नागरिकहरुले महसुस गरेको सेवा प्रवाहमा सुधार :

- विजुली बत्ति लगायत पुर्वाधारहरुको विकास हुदैछ।
- गरेका कामहरुको प्रचारप्रसार राम्रो छ।
- जनप्रतिनिधी नजिकका चिनजानका भएका हुँदा वडा कार्यालयहरुमा सिफारिस मुचुल्का जस्ता कामहरुमा धेरै सहज भएको छ।
- वडा कार्यालयमा पनि धेरै कामहरु हुन थालेको।
- जनप्रतिनिधीहरु टोल टोल पुगेर घुलमिल हुने हुदा जनताका अपेक्षा बुझ्न सहज भएको छ।

# अनुसुचि ४: कार्यक्रमकका फोटोहरु



सार्वजनिक सुनुवाई कार्यक्रम सुरुवात गर्दै कार्यक्रम सञ्चालक गोपाल निरौला




सार्वजनिक सुनुवाई कार्यक्रममा स्वागत मन्तव्य राख्दै नगरपालिका उप प्रमुख राजकुमारी चौधरी




सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी भएका सहभागीहरु




कार्यक्रममा नगरपालिकाको संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्दै नि. प्रमुख प्रशासकिय अधिकृत चेतनाथ गौतम



सार्वजनिक सुनुवाई कार्यक्रम सहजीकरण गर्दै सहजकर्ता विकास बन्जारा



कार्यक्रममा नगरपालिकाको संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्दै नि. लेखा अधिकृत जगदिश पराजुली



कार्यक्रममा सरोकारवाला समक्ष सवाल राख्दै सहभागी



कार्यक्रममा सेवा प्रदायक समक्ष सवाल राख्दै सहभागी



कार्यक्रममा सेवा प्रदायक समक्ष सवाल राख्दै सहभागी



कार्यक्रममा सेवा प्रदायक समक्ष सवाल राख्दै सहभागी



कार्यक्रममा सेवा प्रदायक समक्ष सवाल राख्दै सहभागी




कार्यक्रममा सेवा प्रदायक समक्ष सवाल राख्दै सहभागी




कार्यक्रममा सवालमाथि स्पष्टता पार्दै वडा नं. ९ का वडाध्यक्ष मोहन घिमिरे



कार्यक्रममा सवालमाथि स्पष्टता पार्दै वडा नं. ४ का वडाध्यक्ष दिपक दंगाल







कार्यक्रममा सवालमाथि स्पष्ट पार्दै नगर उपप्रमुख राज कुमारी चौधरी



कार्यक्रममा सवालमाथि स्पष्ट पार्दै नगर प्रमुख दुर्गा कुमार थापा

# अनूसूचि ५: कार्यक्रमको उपशिथतिको विस्तृत विवरण

आज मिति २०66 साल माघ १२ गते सोमवारको दिन बेलका नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम बेलका नगरपालिकाको नगर प्रमुख श्री दुर्गा कुमार थापाको अध्यक्षतामा मिलिजुली ग्रामिण विकास केन्द्र, नेपालको सहजीकरणमा तपशिलको उपस्थितीमा सञ्चालन भयो।

तपशिल

१. दुर्गा कुमार थापा - नगर प्रमुख बेलका न.पा. [signature]
२. राज कुमारी चौधरी - नगर उप-प्रमुख बेलका न.पा. [signature]
३. मोहन घिमिरे बेनपा - ८ वार्ड अध्यक्ष - [signature]
४. दिपक दंगाल बेनपा - ४ वार्ड अध्यक्ष - [signature]
५. भरत दर्लामी मगर बेनपा - ३ वार्ड अध्यक्ष -
६. [illegible] कटुवाल बे.न.पा. - ३ [signature]
७. भरत कुमार मगर बेनपा - ३ वडा अध्यक्ष [signature]
८. गोविन्द कुमार [illegible] बे.न.पा. ५ वडा अध्यक्ष - [signature]
९. पुष्प बहादुर कुवर, प.प. नि. क.वि. [illegible] [signature]
१०. [illegible] [signature]
११. सुमन [illegible] [illegible] [signature]
१२. भानुका [illegible] बेनपा - ४ [signature]
१३. बिमला थापा - रोजगार संयोजक - बे.न.पा. [signature]
१४. अम्बिका निरौला - एम.आई.एस अपरेटर (पञ्जिकरण शाखा) [signature]
१५. कार्तिक गहतराज कापास बेनपा ९ - [signature]
१६. मिना आचार्य का.पा.स. बेलका - ४ [signature]
१७. तेजमान, बि.क. " " " बेलका ६ [signature]
१८. पुष्कर घिमिरे बेलका - १ [signature]
१९. मनोरथ कोइराला बेलका - १ [signature]
२०. पुष्पवति [illegible] बे.न.पा.५ — बो.पी.सी. — [signature]
२१. सिता राई बे.न.पा. युवा तथा (बे.वि.स. अध्यक्ष) — [signature]
२२. मनिषा राई [illegible] प्रमुख बेलका - ९ [signature]
२३. सुरेश बि.क. बेनपा - ३ शिक्षक - [signature]
२४. रवेन्द्र कुमार थापा बे.न.पा ३ [signature]
२५. ना. ब. बि.के. दलित [illegible] अध्यक्ष [signature]

२६. हिरामणी उपाध्याय
२७. नर बहादुर राई
२८. गिता निरौला
२९. खगेन्द्र खतिवडा
३०. धर्मानन्द पराजुली
३१. कृष्ण प्रसाद लुइटेल
३२. अर्जुन आचार्य G. O. C. O. Mr
३३. निर्मला अधिकारी
३४. मनु कुमार राई
३५. चेतनाथ गौतम नि प्रमुख प्र.
३६. जिवन खतिवडा
३७. कृष्ण काफ्ले
४०. कुमारी क्षत्री
४१. विनोद मिश्र
४२. गोकुल के सी कर्मचारी बे.न.पा.
४३. दिपु चौधरी कर्मचारी बे.न.पा.
४४. चम्पा राई नगर प्रहरी बे.न.पा.
४५. पवन आचार्य कर्मचारी बे.न.पा.
४६. भगदीश पराजुली लेखा अधिकृत
५७. अम्बिका ढकाल
५८. सविता सुवेदी
५९. विनोद पाण्डे से.प्र.पा. नगर
६०. खेमराज निरौला - बेलका न.पा.-२
६१. विवस तामाङ बेलका न.पा.-९
६२. मनोज तामाङ बेलका नगर अध्यक्ष ने.क.पा.
६३. अस्मिता मगर बेलका न.पा. ३
६४. विक्कु तामाङ बेलका न.पा.-४
६५. बुद्धिनाथ तिम्सिना कृषि इन्जिनियर (कृषि शाखा बेलका)
६६. रूपक बस्नेत
६७. नारद निरौला - नगर सल्लाहकार
६८. प्रविन कुवर प्रो. सहजकर्ता
६९. कल्पना कार्कि वन्यजन्तु विद वाइल्डलाइफ, जिल्ला संयोजक
७०. राम ब. राई
७१. विकाश बन्जारा सार्वजनिक सुनुवाई सहजकर्ता
७२. सविन [illegible] सार्वजनिक सुनुवाई सहजकर्ता